नेपाल सरकार
गृह मन्त्रालय
सशस्त्र प्रहरी बल प्रधान कार्यालय
मद्दती तथा सेवा निर्देशनालय (हेमन्त भवन)

फोन:- २७७४१८
फ्याक्स:- २७५६८५
पो.ब.न.:- २१८२४
E-mail:- apfmaseni@apf.gov.np
apfmaseni@gmail.com

प.स.:- (०६८/०६९)
प्राप्त पत्र मिति :

च.नं. :- ९६८

हलचोक, काठमाण्डौ ।
मितिः-२०६८/०९/१२ गते ।

# नेपाल ए.पि.एफ.स्कुल,

**किर्तिपुर, काठमाण्डौं**

## <u>शिलवन्दी बोलपत्र आह्वान वा e-bidding आह्वानको सूचना</u>

(प्रथम पटक प्रकाशित मिति २०६८/०९/१३ गते ।)

नेपाल ए.पि.एफ.स्कुल किर्तिपुर, काठमाण्डौंमा यसै आ.ब.२०६८/०६९ मा हुने निम्नानुसारका भवन निर्माण कार्यहरु सिलबन्दी बोलपत्रको माध्यमबाट सम्पन्न गर्नु पर्ने भएको हुंदा नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तको अधिनमा रहि रीतपूर्वकको शिलवन्दी बोलपत्र वा e-bidding मध्ये कुनै एकको माध्यमबाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**<u>निम्न</u> :**

१) शिलवन्दी बोलपत्र सम्बन्धि कागजात यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० औं दिन कार्यालय समय भित्र चालु आ.व.को लागि नविकरण भएको इजाजत पत्र, आयकर एवं मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी नेपाल ए.पि.एफ.स्कुल किर्तिपुर, जिल्ला प्रशासन कार्यालय काठमाण्डौं, कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाण्डौंबाट खरिद गर्न सकिने छ । खरिद भएका बोलपत्र सम्वन्धि कागजातहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० वजे सम्ममा नेपाल ए.पि.एफ.स्कुल किर्तिपुर, काठमाण्डौको नाममा सम्बोधन गरी कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप गरी नेपाल ए.पि.एफ.स्कुल किर्तिपुर, काठमाण्डौंमा मात्र दर्ता गराउनु पर्नेछ । शिलबन्दी बोलपत्र निर्माण व्यवसायी स्वयम् वा अधिकार प्राप्त प्रतिनिधीबाट मात्र दर्ता गराउन सकिने छ ।

२) उल्लेखित कार्यालयहरुबाट विक्रि भएका बोलपत्र सम्बन्धि कागजातमा भर्नु पर्ने सम्पूर्ण पानाहरु भरी पेश गर्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १४:०० बजे गठित मूल्याङ्कन समिति, सरकारी निकायका प्रतिनिधीहरु र बोलपत्रदाता वा निजका प्रतिनिधीहरुको रोहवरमा नेपालए.पि.एफ.स्कुल, किर्तिपुर, काठमाण्डौंको हाता भित्र खोलिने छ । बोलपत्रदाता वा निजका प्रतिनिधीहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

३) बोलपत्र बिक्रि तथा दाखिला गर्ने अन्तिम दिन एवं खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

४) शिलवन्दी बोलपत्रसाथ जमानत (बिडबण्ड) वापत रु.८,२२,१००।- (अक्षेरुपी आठ लाख बाइस हजार एक सय मात्र) मा नघटाई रकम नेपाल ए.पि.एफ.स्कुल, किर्तिपुर, काठमाण्डौंको नाममा राष्ट्रिय बाणिज्य बैंक किर्तिपुरमा रहेको चल्ती हिसाब खाता नं ११२० मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट "क" बर्गको मान्यता प्राप्त बैंकबाट नेपाल ए.पि.एफ.स्कुल, किर्तिपुर, काठमाण्डौंको नाउँमा जारी

भएको बोलपत्र जमानत (बोलपत्र दाखिला गर्ने अन्तिम मितिवाट कम्तीमा १२० दिनसम्म म्याद भएको) पेश गर्नु पर्नेछ ।

५) बोलपत्रदाताले बोलपत्रमा दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ । बोलपत्रमा आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट ले खी प्रत्येक पानामा सहि छाप गरेको हुनु पर्नेछ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा बोलपत्रदाताको सही छाप भएको हुनु पर्नेछ ।

६) टर्न ओभर, कार्यअनुभव, जनशक्ति, उपकरण एवं आर्थिक पक्षहरु बोलपत्र सम्वन्धि कागजातमा उल्लेख भए अनुसार पेश गर्नु पर्ने छ र संयुक्त उपक्रमको हकमा लिड पार्टनरको हिस्सा बढि हुने गरी अन्य साझेदारहरुको हिस्सा कम्तिमा ३०% हुनु पर्नेछ ।

७) बोलपत्र सम्बन्धी अन्य कुनै कुरा वुझ्नु परेमा सशस्त्र प्रहरी वल प्रधान कार्यालय, मद्दती तथा सेवा निर्देशनालय तथा नेपाल ए.पि.एफ.स्कुल, किर्तिपुर, काठमाण्डौं (०१-४३३३६०३) मा सर्म्पक राख्न सकिने छ ।

८) नक्कली कागजात पेश गरी वा मिलोमतो गरी बोलपत्रमा भाग लिएको पाईएमा त्यस्ता बोलपत्रदाताको बोलपत्र रद्द गरी कालो सूचिमा समावेस गर्न सम्बन्धीत निकायमा सिफारिस गर्न सकिनेछ ।

९) म्याद नाघी आएको, रीत नपुगेको र सशर्त पेश भएको बोलपत्रहरु मान्य हुने छैन ।

१०) बोलपत्रदातालाई बोलपत्र पेश गर्नु अगाडी आफ्नै खर्च र जिम्मेवारीमा निर्माण स्थलको स्थलगत भ्रमण गरी कामको वारेमा स्थलगत जानकारी लिन अनुरोध गरिएको छ साथै प्रि-बिड मिटिङ्ग यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २० औं दिन दिनको १२:०० वजे नेपाल ए.पि.एफ.स्कुल किर्तिपुर, काठमाण्डौंमा हुनेछ ।

११) बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नेपाल ए.पि.एफ.स्कुल, किर्तिपुर, काठमाण्डौंमा निहित रहनेछ ।

१२) यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली , २०६४ बमोजिम हुनेछ ।

१३) यो सुचना सशस्त्र प्रहरी वलको Website : www.apf.gov.np र सार्वजनिक खरिद अनुगमन कार्यालयको Website : www.ppmo.gov.np मा समेत उपलब्ध छ ।

## e-bidding मा भाग लिने बोलपत्रदाताहरुको लागि :

(१) e-bidding मा भाग लिने बोलपत्रदाताहरुको लागि यस कार्यालयले सार्वजनिक खरिद अनुगमन कार्यालयको अन्तरिम Portal www.gepson.gov.np बाट भवन निर्माण सम्बन्धि e-bidding को कार्य गरिने छ । उक्त Web मा Login गरी प्राप्त निर्देशन अनुसार इच्छुक बोलपत्रदाताहरुले भवन निर्माण सम्बन्धि बोलपत्रमा भाग लिन सक्नेछन् ।

(२) e-bidding मा भाग लिने बोलपत्रदाताहरुले बोलपत्रसाथ पेश गर्नु पर्ने कागजातहरु e-bidding Portal www.gepson.gov.np मा Scanned Copy PDF Format मा Upload गर्नुपर्नेछ । साथै बोलपत्र फाराम दस्तुर बापतको रकम नेपाल ए.पि.एफ.स्कुल, किर्तिपुरको नाममा नेपाल बैंक कालिमाटी, काठमाण्डौमा रहेको चल्ती खाता नं.००४२-११-००१००१० मा जम्मा गरि बैंक भौचरको Scanned Copy PDF Format मा Upload गर्नु पर्नेछ ।

(३) e-submission गर्ने बोलपत्रदाताहरुले मिति २०६८/१०/१३ गते १२:०० बजे भित्र Upload गरिसक्नु पर्नेछ । Upload भएका बोलपत्रहरु सोहि दिनको १४:०० वजे खोलिनेछ र खोल्ने समयमा पेश गरिएका कागजातहरुको सक्कल प्रति वा Notary Public बाट प्रमाणित प्रतिलिपि लिई आउनु पर्नेछ ।

(४) यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्बजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

(५) ठेकेदारले e-bidding मार्फत टेण्डर खोल्ने समयमा निजको e-bid दर्ता भएको नदेखिएमा नेपाल ए.पि.एफ.स्कुल जवाफदेही हुने छैन ।

पूनश्चः एकै बोलपत्रदाताले शिलबन्दी बोलपत्र वा e-bidding मध्ये कुनै एक माध्यमबाट मात्र बोलपत्र पेश गर्न सक्नेछन् । यदि दुवै प्रणाली प्रयोग गरी बोलपत्र पेश गरेमा त्यस्तो दुबै बोलपत्र स्वतः रद्द हुनेछ ।

**तपसील** :

| सि.नं. | कार्यालयको नाम / स्थान | कामको विवरण/निर्माण स्थल | स्वीकृत ल.ई. (भ्याट र कन्टिन्जेन्सी बाहेक) रु. | बोलपत्र सम्वन्धि कागजातको दस्तुर रु. | बोलपत्र जमानत बापत रकम रु. |
|---|---|---|---|---|---|
| १. | नेपाल ए.पि.एफ.स्कुल, किर्तिपुर, काठमाण्डौं । | प्रशासनिक भवन तल्ला थप, मेश भवनको निर्माण, शिक्षक आवास तल्ला थप कार्य, शौचालय पुनःनिर्माण, वाकवे सेड र आर.सि.सि.स्टेयर्स निर्माण कार्यहरु, किर्तिपुर, काठमाण्डौ । | - | ३,०००।- | रु.८,२२,१००/- |